# ग्रामथान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## तेतरिया, मोरङ
१ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७४/०७५
चलानी नम्वर : ५२६

मिति : २०७४।११।२५

**विषय : कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।**

श्री सम्पूर्ण आधारभूत/माध्यमिक विद्यालय,
ग्रामथान गाउँपालिका, मोरङ

उपर्युक्त सम्बन्धमा यस ग्रामथान गाउँपालिकाको परीक्षा समन्वय समितिको मिति २०७४/११/२५ गते बसेको बैठकको निर्णयानुसार शै.स. २०७४ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८ को ग्रामथान गाउँपालिका स्तरीय परीक्षा) तपसिलको परीक्षा तालिका अनुसार यहि मिति २०७४/१२/१२ गते सोमबारका दिन अपरान्ह १:०० बजे देखि सञ्चालन गर्ने निर्णय भएकोले यसै साथ संलग्न परीक्षा सञ्चालन सम्बन्धी निर्देशन बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल :

| मिति | विषय |
|---|---|
| २०७४/१२/१२ गते सोमबार | अंग्रेजी |
| २०७४/१२/१३ गते मंगलबार | नेपाली |
| २०७४/१२/१४ गते बुधवार | विज्ञान तथा वातावरण शिक्षा |
| २०७४/१२/१५ गते बिहिबार | सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा |
| २०७४/१२/१६गते शुक्रबार | कम्प्युटर शिक्षा |
| २०७४/१२/१८ गते आइतबार | गणित |
| २०७४/१२/१९ गते सोमबार | पेसा, ब्यवसाय र प्रविधि शिक्षा |
| २०७४/१२/२० गते मंगलबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा |

आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ को ग्रामथान गाउँपालिका स्तरीय परीक्षा) सञ्चालनका आधारहरु निम्नानुसार रहेकाले सोको कार्यान्वयनका लागि अनुरोध छ ।

१. शैक्षिक सत्र २०७४ को आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षा मिति २०७४।१२।१२ गते सोमबार देखी प्रत्येक दिन अपरान्ह १:०० वजेवाट सञ्चालन गर्नुपर्नेछ ।
२. प्रत्येक विषयको पूर्णाङ्क, उत्तिर्णाङ्क र समय आधारभूत तह कक्षा ८ को पाठ्यक्रम अनुसार प्रश्नपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।
३. सामुदायिक विद्यालय तर्फ उत्तरपुस्तिका परीक्षण वापत गाउँपालिका/स्रोतकेन्द्र मार्फत् विद्यालयलाई निम्नानुसारको रकम उपलब्ध गराइनेछ ।
   - १०० पूर्णाङ्क भएका विषयहरुको रु.६।-, ७५ पूर्णाङ्को रु.५।-, ५० पूर्णाङ्कको रु.४।- र ५० पूर्णाङ्क भन्दा कम भएमा रु.३।५० का दरले ।